नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

मध्यस्थकर्ता व्यवस्थापन शाखाः-१९२ चलानी नम्बरः-५५०३

मितिः २०८२/१२/१२

श्री सम्पूर्ण इजाजतपत्र प्राप्त बीमा सर्भेयरहरु,

विषयः निर्देशन सम्बन्धमा।

उपरोक्त सम्बन्धमा इजाजतपत्र प्राप्त सम्पूर्ण बीमा सर्भेयरहरुले बीमा सर्भेयरको इजाजतपत्र नवीकरण गर्ने सम्बन्धमा देहाय बमोजिमको कार्य गर्न गराउन हुन मिति २०८२/१२/११ गतेको निर्णयानुसार यो निर्देशन जारी गरिएको छ।

क. बीमा सर्भेयरले इजाजतपत्र नवीकरण गर्न बीमा नियमावली, २०८१ को नियम ४८ को उपनियम (१) बमोजिम बीमा सर्भेयरले इजाजतपत्रको अवधि समाप्त हुनुअगावै बीमा सर्भेयर भई कार्य गरेको विवरण तथा कागजात पेश गर्नुपर्नेछ,

ख. बीमा सर्भेयरको इजाजतपत्र नवीकरणको लागि बीमा नियमावलीको अनूसूची-७ बमोजिम देहाय अनुसारको नवीकरण दस्तुर तथा नियमन दस्तुर नेपाल बीमा प्राधिकरणको नाममा नवील बैंक लिमिटेडमा रहेको खाता नं. ०११००१३०११००१ मा रकम जम्मा गर्नुपर्ने उद्देश्य समेत उल्लेख गरि नवीकरण शुल्क जम्मा गरेको निस्सा/भौचर,

देहाय

क्र.सं.	बीमा सर्भेयरको प्रकार	नवीकरण शुल्क
१	व्यक्तिगत	११,०००।-
२	संस्थागत	२१,०००।-

ग. बीमा सर्भेयर भई कार्य गरेको विवरण तथा कागजात र इजाजतपत्र नवीकरण शुल्क जम्मा गरेको बैंक भौचर प्राधिकरणको केन्द्रीय कार्यालयमा चैत्र मसान्तसम्म जम्मा गरिसक्नुपर्नेछ।

घ. बीमा ऐन, २०७९ को दफा ९४ को उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि भित्र नवीकरण गर्न नसकेका बीमा सर्भेयरले म्याद सकिएको अवधिदेखि तीन महिना भित्र अनूसूची-७ बमोजिम विलम्ब शुल्क पाँच हजार रुपैयाँ मात्र भुक्तानी गरी निवेदन पेश गर्न सक्नेछन्,

ङ. बीमा ऐन, २०७९ को दफा ९५ बमोजिम इजाजतपत्रको म्याद सकिएको अवधिदेखि तीन महिना भित्र इजाजतपत्र नवीकरणको लागि निवेदन पेश नगर्ने बीमा सर्भेयरको इजाजतपत्र स्वतः खारिज हुनेछ।

(सविता थापा)
उप-निर्देशक

बोधार्थः-

१. श्रीमान् अध्यक्षज्यूको सचिवालय, नेपाल बीमा प्राधिकरण।
२. श्रीमान् कार्यकारी निर्देशकज्यूको सचिवालय, नेपाल बीमा प्राधिकरण।
३. श्रीमान् महाशाखा प्रमुख, कानून महाशाखा।